बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष–१४ ।। अङ्क : ०४९ ॥ २०७८ चैत्र ०६ गते आइतबार (20th Mar 2022 Sunday) **Pratidin** National Daily dNo-?:%÷-

# बाहा कार्यक्रम हेर्न रंगशाला भरिभराउ

• सन्जु बास्की

बिर्तामोड । होली पर्वको भोलिपल्ट शनिवार बिर्तामोडको डोमालाल राजवंशी रंगशाला भरिभराउ थियो खेल हेर्न नभएर सन्थाल जातिको बाहा कार्यक्रम हेर्न । लोपोन्मूख अबस्थाका आदिबासी सन्थालहरुको त्यस कार्यक्रमको रौनकता विगतभन्दा थपिएको थियो । सन्थाल युवायुवतीहरु नाचिरहेका थिए , झुमिरहेका थिए । उनीहरुसँगै अरु समुदायले पनि भरपूर आनन्द लिइरहेका थिए । स्टेजमा नाच्नेहरुलाई सम्हाल्न आयोजकलाई गाह्रो परिरहेको थियो ।



सन्थाल समुदायको बाहा पर्वको अवसरमा नेपाल सन्थाल मार्साल युवा क्लव बिर्तामोड ३ ले सो नृत्य प्रतियोगिता आयोजना गरेको थियो । कार्यक्रममा जिल्लाभरिका सन्थालहरु सहभागी भएका थिए । आफ्नै भेषभूषा र गरगहनामा सजिएका युवायुवतीहरुले मनै लोभ्याउने आकर्षक नृत्य प्रस्तुत गरेका थिए । प्रकृतिपुजक सन्थालहरुले मौसम अनुसार चाडपर्व मनाउने गरेका छन् । सन्थाल समुदायको सबैभन्दा ठूलो पर्व सोहोराई हो । दोस्रो ठूलो पर्वको रुपमा उनीहरुले बाहा मनाउने गरेका छन् । बाहाको अर्थ फूल हो । बसन्त ऋतु शुरु भएर फूल फुल्ने बेलामा उनीहरुले यो पर्व मनाउने गरेका छन् । सखुवाको फूल लगेर घरघरमा दिने , चेलीबेटीहरुलाई घरमा पाहुना बोलाउने , मीठो खाने , रमाइलो गर्ने परम्परा त्यस जातिमा रहेको पाइन्छ ।'फूल फुल्ने बेलामा यो पर्व हर्षोल्लासका साथ मनाउने गरिन्छ ' नेपाल सन्थाल विकास संघका अध्यक्ष बडाराम हेमरमले भने ,'लोप हुँदै गएको संस्कार संस्कृतिलाई जोगाउन खोज्दैछौं, विस्तारै सन्थालहरुमा जागरण आउँदैछ ।' उनले राज्यले सन्थाल जातिलाई उपेक्षा गरेका कारण आफ्नो अस्तित्व जोगाउन आफै लागिपरेको बताए । नेपाल सन्थाल मार्साल युवा क्लवका अध्यक्ष श्याम मुर्मूको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड नगरपालिका ३ का वडाध्यक्ष भोजराज सिटौला प्रमुख अतिथि रहेका थिए । उनले आगामी वर्ष बाहा कार्यक्रमका विजेता हुने प्रथमलाई ५१ हजार ,द्वितीयलाई ४० हजार , तृतीयलाई ३० हजार , चौथोलाई २० हजार , पाँचौंलाई १५ हजार नगद पुरस्कारको व्यवस्था आफूले मिलाइदिने घोषणा गरे । कार्यक्रममा नेपाल सन्थाल विकास संघका अध्यक्ष बडाराम हेमरम, नेपाल सन्थाल उत्थान संघका अध्यक्ष सुन्दरलाल बेस्रा, नेपाल सन्थाल पैरवी संघका अध्यक्ष विरेन्द्र किस्कू, रेडक्रस सोसाइटी बिर्तामोडका सभापति सजेश शिवाकोटी ,नेपाली कांग्रेस बिर्तामोड ३ का वडा सभापति प्रेम उप्रेती, स्थानीय समाजसेवी रामेश्वर मण्डल, कलाकार किरण खतिवडालगायतको आतिथ्यता रहेको थियो । प्रतियोगितामा १२ वटा नृत्य टोलीले भाग लिएका थिए । जसमध्ये कनकाईका मंगल हेमरमको समूह प्रथम , कनकाईकै एफएम द्वितीय,बुट्टावारीको बीपीएस तृतीय, रमेश मुर्मूको समूह चौथो र डाँगीवारीको समूह पाँचौं भएको छ । प्रथम , द्वितीय , तृतीय र सान्त्वना हुनेले क्रमशः ५ हजार , ४ हजार, ३ हजार र २ हजार नगद पुरस्कार पाएका छन् । कार्यक्रमको संचालन मन्दिरा किस्कू , कविराज हास्दा र सन्तोष दासले गरेका थिए भने स्वागत मन्तव्य रमेश मुर्मूले गरेका थिए । सन्थाल मार्साल युवा क्लवले विगत पाँच वर्षदेखि बाहा कार्यक्रम गर्दै आएको छ । कार्यक्रममा ४ हजारभन्दा बढीको सहभागिता रहेको थियो । २०६८ सालको जनगणना अनुसार झापामा सन्थालहरुको जनसंख्या ५१ हजार ७३५ रहेको थियो ।

## अधिकारी बंश प्रतिष्ठानमा ८ केन्द्रीय सदस्य मनोनित



*झापा (प्रस) ।* काश्यप गोत्रीय अधिकारी बंश प्रतिष्ठानको केन्द्रीय समितिको पहिलो बैठक झापामा सम्पन्न भएको छ । बुटवलमा सम्पन्न छैटौं केन्द्रीय अधिवेशनबाट निर्वाचित समितिको कन्काई नगरपालिका ४ मा अवस्थित केन्द्रीय कार्यालयमा सम्पन्न बैठकले ८ जना केन्द्रीय सदस्य मनोनित गरेको छ । यसरी मनोनित हुनेहरुमा तनहुँ जिल्लाबाट टुकराज अधिकार ी,लम्जुङबाट नवराज अधिकार ी,गोरखाबाट मिना अधिकार ी,प्युठानबाट सभासदसमेत रहेका नारायणप्रसाद अधिकारी,सुनसरी जिल्लाबाट पवन अधिकारी,अछाम जिल्लाबाट ताराप्रसाद अधिकार ी,परासी जिल्लाबाट डिकबहादुर अधिकारी,मोरङ जिल्लाबाट तुलसीनारायण अधिकारी रहेका छन् । बैठकले सुनसरी र मोरङबाट मनोनित गरिएका पवन अधिकारी र तुलसीनारायण अधिकारीलाई सचिवालय सदस्य समेत रहने गरि केन्द्रीय सदस्यमा मनोनयन गरेको केन्द्रीय अध्यक्ष नरेन्द्र अधिकारीले जानकारी दिए ।

बैठकले ५२ सदस्यीय सल्लाहकार समिति समेत बनाएको अध्यक्ष अधिकारीले बताए ।नेपालमा हाल २२ लाखको हाराहारीमा अधिकारी बंश रहेको अनुमान गरिएको छ ।

## मेचीमहाकाली संयुक्त बुहारी आवाजको प्रदर्शन

*बिर्तामोड (प्रस) ।* मेचीमहाकाली संयुक्त बुहारी आवाज झापाले बलात्कारीलाई फाँसीको सजाय कानुनी रुपमै सुरक्षित गर्न माग गर्दै बिर्तामोडमा प्रदर्शन गरेको छ । 'बाल हिंसा अन्त्य गर, हत्यारालाई फाँसी दे, बलात्कारीलाई फाँसीको सजाय कानुनमै ब्यवस्था गर, उठ नारी अति भो सही बस्दा क्षति भो, नारी सामान होइन सम्मान हो , हिंसारहित समाजको निर्माण गरौं , बालिका बलात्कार गर्नेलाई कि त फाँसी दे कि त उसको लिङ्ग मासी दे' लगायतका नारासहित निकालिएको र्यालीले बिर्तामोड परिक्रमा गरेको थियो ।
मोरङ सुन्दर हरैचा वडा नम्बर-६ मा १८ महिने बालिका मण्डलको बलात्कारपछि भएको क्रुर हत्या एवं देशका विभिन्न स्थानमा भएको हिंसा र बलात्कारका विरुद्ध बुहारीहरुको समूह सडकमा आएको हो । बालिका मण्डलको केही दिनअघि बलात्कारपछि हत्या भएको अवस्थामा शव फेला परेको थियो । मेचीमहाकाली संयुक्त बुहारी आवाजको र्यालीमा केन्द्रीय उपाध्यक्ष चन्द्रा काफ्ले, झापा अध्यक्ष शिखा खड्का गणेश, उपाध्यक्ष गंगा भट्टराई, दमक उपशाखा प्रमुख जमुना निरौलालगायतको नेतृत्व रहेको थियो । र्यालीपछि आयोजित कोणसभामा केन्द्रीय उपाध्यक्ष काफ्ले, झापा अध्यक्ष गणेश, अर्जुनधारा- ६ की जनप्रतिनिधि लक्ष्मी महतारालगायतले बोल्दै महिला हिंसा अन्त्य गरेर सभ्य समाजको निर्माणमा जोड दिएको कोषाध्यक्ष परु सुबेदीले जानकारी दिइन् । लगभग तीनसय बढी महिलाको सहभागिता रहेको कार्यक्रमको संचालन सचिव कबिता थापाले गरेकी थिइन् । हिंसामुक्त समाजको मुल नार ासहित विभिन्न सामाजिक काम गरिरहेको मेचीमहाकाली संयुक्त बुहारी आवाजको नेतृत्व यमु शर्मा सुब्बाले गरिरहेकी छन् । संस्थामा १० हजारबढी महिलाहरु आबद्ध छन् ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



MECHI POWER MOBILE TRADE
BIRTAMODE, JHAPA | 023-540724, 9804971034

## बिर्तामोड नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
## सटर/कोठा/टहरा नामसारी सूचना
प्रकाशित मिति : २०७८/१२/०४

बिर्तामोड नगरपालिकाको स्वामित्वमा रहेका साविक अनारमनी गा.वि.स.वडा नं.३ हाल बिर्तामोड नगरपालिका वडा नं.५ स्थित बुधबारे बजारका सटर/कोठा/टहरा/स्टलहरु यस नगरपालिकासँग साविक सम्झौता गर्नेहरुबाट हाल ब्यापार/ब्यवसाय गरिरहेका ब्यक्तिको नाममा एकपटक दस्तुर लिई नामसारी हुने ब्यवस्थाका लागि मिति २०७८ साल मंसिर १६ गतेको कार्यपालिकाबाट निर्णय भएको हुदाँ नामसारी गर्नुपर्ने सटर/कोठा/टहरा/स्टलहरु नामसारीको लागि देहायका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालयमा निवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल
१. साविक सम्झौता गर्ने ब्यवसाय धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. साविक ब्यक्तिले नगरपालिकासँग गरेको सम्झौता पत्र
३. हाल ब्यापार ब्यवसाय गर्ने ब्यक्तिको नागरिकताको प्रतिलिपी
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
५. नामसारी गर्न दुवैपक्ष मन्जुर भएको सबन्धित वडाबाट प्रमाणित कागजात पत्र एक प्रति सक्कल
६. नामसारी वापत नगरपालिकाले तोकेको दस्तुर तिरेको रसिदको प्रतिलिपी
७. नामसारी हुने ब्यक्तिको पार्सपोर्ट साईजका फोटो ३ (तीन) प्रति
८. साविकका सम्झौताका शर्तहरुमा कुनै फेरबदल हुने छैन ।
९.साविक सम्झौता गर्ने ब्यक्ति र हाल नामसारी हुनुपर्ने ब्यक्ति स्वयम उपस्थित हुनुपर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

# प्रतिदिन अभिव्यक्ति

कविता

## बाबु



• हुमनाथ पाण्डे

मुठ्ठी भरिको थिइस्
भर्खरै कोरलेको चल्लाजस्तै
निर्दोष आँखा, तोते बोली
दुई दाँते हाँसो, थर्कमान रोदन
मेरो अनुपस्थितिमा
पिलपिलाउने तेरा आँखा'
हिजै जस्तो लाग्छ
तर काल धेरै बितिसकेछ
यही काखमा खेल्दाखेल्दै
खै कहिले ठूलो भै भइसकिछस्।

समय फेरिइसकेछ
परिस्थिति बदलिसकेछ
आज तँलाई देख्न, मलाई
पिलपिलाउन पर्ने भएछ
तेरो व्यस्ततालाई
गर्व गर्ने तेरो बाउ
खै किन
आजभोलि पापी भएको छ
तेरो व्यस्ततामा खै किन
भय देख्न लागेको छ
टाढापन देख्न लागेको छ ।

बुढेसकालको शरीरले
लठ्ठी खोज्न थालेछ क्यारे
लठ्ठी बिनाको बूढोजस्तै लाग्छ, बाबु
आफूलाई, तेरो अनुपस्थितिमा
सधैँ आँखाआगाडि
भैदियोस् जस्तो
बा' भनिदियोस् जस्तो
दुई चार कुरा अल्ली
बढी बोलिदियोस् जस्तो
केही कुरा सुनिदियोस् जस्तो
केही सुनाओस् जस्तो
खै कस्तो कस्तो'!!

## छोरीमा आफ्नो भविष्य देख्न सक्नु पर्छ



• सुजन दाहाल

केही समय अघि काठमाडौंका एक पैसावाल महोदयले आफ्नी आमालाई उपचार गर्न लान्छु भनी ढाँटेर गाडीमा चढाए र नजिकैको बृद्धाश्रममा लगेर छाडेर हिँडे । छोरो केही समयपछि लिन आउला भन्ठानेर आमा बसिन् तर छोरो अहिले आउँछ छैन, भरे आउँछ छैन । छोरो आएन । ओठ कलेटी परे । चाउरी परेको अनुहारको छालामा आँखाबाट झरेका आँसुका भेलले सबै अनुहार भिजिसके । तर छोरो फर्किएर लिन आएन । बृद्ध आमालाई उक्त बृद्धाश्रममा खान बस्न त दिइयो तर त्यहाँ आफ्नो छोरो छैन । सास हुन्जेल आश हुन्छ भनेझैं अझै पनि छोरो लिन आउने आशमा उनी छिन् । तर छोरोले वर्ष दिन हुँदासम्म लिन आएन । आउँछ पनि कसरी, लिन आउने भए त छाडेर नै जाने थिएन । आज पनि आमाका आँखामा आशु ओभाएका छैनन् । छोराले आमालाई धोका दिए । अपमान गरे, बेइज्जत गरे । आमाको दूधको ऋण समेत भुले । बुढी भएकी आमालाई एक छोराले गर्नुपर्ने सामान्य कर्तब्यसम्म ती व्यक्तिले पूरा गरेनन् । त्यस्तै, झापामा एक विधवा बृद्ध आमा दुई छोरा र छ छोरीकी धनी । कान्छो छोरो बुहारीसँग बस्दै आएकोमा एक दिन छोराको सडक दुर्घटनामा मृत्यु भयो । अव बृद्ध आमालाई राम्रो र रोजेर बसेको छोरो मरिहाल्यो । आमालाई आपत आइलाग्यो । बृद्ध आमाको सहारा नै सकिएजस्तो भयो । कान्छी बुहारीले पहिलैदेखि नै त्यति राम्रो व्यवहार नगर्ने त्यसमाथि श्रीमान् मरेपछि बुहारीले सासुलाई धेरै नै नराम्रो व्यवहार गर्न थालिन् ।आमालाई बुहारीको व्यवहार असह्य भयो र सहन नसकेर जेठो छोरा बुहारीकोमा पेसुवा लाग्नु जानु भयो । तर आमालाई त्यहाँ पनि आशा गरे अनुसारको व्यवहार भएन । जेठी बुहारीले सासुलाई टिप्पा खेलाई, बसी खान दिइन । छातीले थाम्न नसक्ने बचन लगाई भनेर आमाले बिलौना गर्न थाल्नु भो । गाउँभर यो कुरा फैलियो । आमाको यो दुर्दशा छोरीहरुले चाल पाए र आमालाई छ वटी छोरीहरुले बर्षमा दुई महिनाको दरले पालन पोषण गर्ने गरी उद्धार गरेर लगे । अहिले आमा दुई महिनाको दरले छोरीहरुकोमा मुख फेरी फेरी मीठो मसिनु खाएर सुखसँग आफ्नो बाँकी जीवन विताई रहनु भएको छ । उल्लेखित दुई परिघटना यो समाजको प्रतिनिधि घटना हुन् । यस्ता घटना यो समाजमा अझ धेरै छन् । यो नै हाम्रो समाजको अहिलेको यथार्थ प्रवृत्ति र चरित्र हो । संसारमा सवै बस्तु र चिजको मूल्य हुन्छ तर आमाबाबु अमूल्य हुन्छन् । सन्तानको लागि भगवान् भन्नु नै उसका आमा बाबु हुन् । एक छोरो जो विवाह नहुन्जेल प्रायः आमा बुबासँग नराम्रो व्यवहार गर्दैन र गरिहाले पनि आमाबाबुले माइन्ड गर्दैनन् । तर उही छोरो जो विवाहपछि विवाह अघिकै जस्तो समान व्यवहार आमाबाबुलाई गर्छ भने अब त्यहाँ पारिवारिक दुर्घटना निम्तिने खतरा हुन्छ ।पूर्वीय दर्शनको स्कूलिङ नै छोराले आमाबाबु पाल्नुपर्ने भन्ने छ । विकसित देशमा जस्तो यहाँ वृद्धाश्रमको उचित प्रवन्ध र व्यवस्था पनि छैन । तर अहिले समय बदलिदै आएको छ । कति छोरीहरुले आमाबाबुलाई राम्रोसँग पालनपोषण गरेका छन् । अहिलेका ज्वाँइहरु पनि सासु ससुरा पाल्ने र हेरचाह गर्ने कुरामा नरम नै भएको देख्न सकिन्छ । छोरीसँग बसेका आमाबाबु बुहारीसँग बसेको भन्दा खुसी देखिन्छन् । छोरा र छोरीको विभेद घट्दै गएर क्रमशः छोरीहरुले आमा बाबुलाई आफैसँग राख्ने परिपाटीको विकास हुन थालेको छ । जसमा महिलाहरुको शिक्षा, रोजगार आदिले सहयोग गरेको छ । यो खुसीको कुरा हो । छोरी आमा बाबुसँग आत्मिक र भावनात्मक रुपमा जति मिल्न सक्छिन्, त्यति बुहारी सासु ससुरासँग मिल्न सक्दिनन् । बुहारी त परिवारको आगन्तुक सदस्य हो । परिवारमा 'एडप्सन र मोडिफिकेसन' हुन पनि समय लाग्छ । छोराको नाताले बुहारीसँग जोडिएको सम्वन्ध भन्दा रगतको नाताले छोरीसँगको प्राकृतिक रुपमा हुने सम्वन्ध प्रगाढ र निस्वार्थी हुने गर्छ । त्यसैले परिवारमा बुहारी र सासु ससुराको सम्वन्ध प्रेममय हुन सक्दैन । बुहारी सासु ससुरासँग नमिल्नु वा मिल्न नसक्नु पनि अस्वाभाविक होइन । 'जेनेरेशन ग्याप', इच्छा, चाहना, रुचि र उमेर आदिले गर्दा पनि यस्तो हुन्छ ।समाजले पनि बुहारी र सासुको सम्बन्धलाई आदिम कालदेखि नै समस्याग्रस्त सम्वन्धका रुपमा अगाडि बढाउदै ल्यायो । सासु र बुहारीको सम्वन्धमा विभिन्न पक्षबाट कहिल्यै हार्दिकता हुन दिइएन । यो सम्बन्धको सामाजिकीकरणमा नै खोट छ । सासुले बुहारीलाई छोरी जस्तो र बुहारीले सासुलाई आमा जस्तो मान्न नसक्नु दुवै समस्या हो । परिणामतः समाज आफ्नु कर्तब्यबाट च्युत भइरहेको छ । अरुको मात्र दोष देख्ने, आफू दूधले नुहाएको जस्तो गर्नाले परिवारमा पनि जटिलता बढिरहेका छन् ।

बृद्धबृद्धा डाँडाका जुन घाम हुन् । अस्ताउने टुङ्गो हुँदैन । उनीहरुलाई धेरै स्याहारको जरुरी हुन्छ । धेरै बृद्धबृद्धाको जीवन समस्याग्रस्त छ । परिवारको साथै राज्यले समेत बृद्धबृद्धालाई सम्मानजनक व्यवहार गर्न सकेको छैन । 'मान्छे बूढो भए निहुँ खोज्छ, भैंसी बूढो भए भिर खोज्छ' भने झै बृद्ध आमाबाबु पनि चाहिने नचाहिने कुरामा निहुँ खोज्ने, झगडा गर्ने गरेको देखिन्छ । अरुले आफूलाई कस्तो गर्छ भन्ने कुरा आफूले अरुलाई गर्ने व्यवहारले निर्देशित गर्छ । राम्रो व्यवहारको बाबजुद पनि छोरा बुहारीलाई नै गलत भनी चित्रण गर्ने गरेको देखिन्छ । छोरा बुहारीको दृष्टिबाट हेर्दा जति राम्रो गरे नि नहुने भन्ने परिरहेको छ । 'सँगै सुतेपछि लात्ती लाग्छ' भनेझैं परिवारमा कहिलेकाहीँ झैझगडा हुनु सामान्य कुरा हो । त्यसलाई समायोजन र व्यवस्थापन गरेर अगाडि बढ्न नसक्दा पारिवारिक विग्रह देखिन्छ ।

छोरीसँगको आमाबाबुको सम्वन्ध प्राकृतिक सम्वन्ध हो । यो सम्वन्धको जग नै मजबुत हुन्छ । छोरा सरह छोरी पनि हुन्छन् भन्ने कुरा आमाबाबुले बुझ्नु पर्छ । छोरा र बुहारीसँग समायोजन हुन नसकेमा आमाबाबु छोरी र ज्वाँइसँग बस्नु पर्छ । मुलुकी देवानी संहिताले छोरा र छोरीलाई समान अंशको व्यवस्था गरेको छ । यस्तो अवस्थामा यदि आमाबाबु छोरीसँग बस्ने चाहना राख्छन् भने छोरीले पालनपोषण गर्नुपर्छ । आमाबाबुको अंश खाएपछि उहाँहरुप्रतिको कर्तब्य पनि पुरा गर्नुपर्छ ।

सकेसम्म त राज्यले बृद्धबृद्धालाई गतिलो आश्रम नै बनाएर जीवन विताउने व्यवस्था गर्नुपर्छ । छोरा बुहारी, छोरी ज्वाँइसँग आश्रित हुनु भन्दा स्वतन्त्र रुपमा जीवनको उत्तरार्द्ध व्यतित गर्नु नै बृद्धबृद्धाको लागि श्रेयस्कर हुन्छ । आमाबाबुले आफ्नो अनुकूलताअनुसार बस्ने छनौट गर्नुपर्छ । कतिपयको त छोरा बुहारीले पनि धेरै राम्रो गरेका छन् । तर पछिल्लो समयको अभ्यासले यो देखाइरहेको छ कि छोराभन्दा छोरीले आमाबाबुलाई माया ममताका साथ सेवा गर्ने गरेको देखिएको छ । छोरीले पक्कै पनि बढी स्नेह, 'टेक केयर' गर्छन् भन्ने कुरामा कसैको विमति नहोला ।

अव बिस्तारै छोराले भन्दा छोरीले आमाबाबुको पालनपोषण गर्ने परिपाटीको विकास गर्नुपर्छ । झट्ट सुन्दा कतिपयलाई यो अपाच्य पनि हुन सक्छ । तर यो कुरालाई बस्तुनिष्ठ भएर समाजका अगुवाहरुले साथ दिन जरुरी छ । आमाबाबुले छोरामा मात्र सपना देखेर हुँदैन, छोरीमा नि आफ्नो भविष्य दखेर भरोसा गर्न सक्नुपर्छ । जस्तो छोरा हो, त्यस्तै छोरी हो भन्ने सोच्नु पर्छ । समाजले जेसुकै भनोस्, त्यसलाई वास्ता गर्नु हुँदैन । समाजको क्रुरतालाई चिरेर सवै अगाडि बढ्न सके बाबुआमा, छोरा बुहारी लगायत परिवारको सवै सदस्यका बीचमा सौहार्द सम्वन्ध बन्न सक्छ भने बृद्धबृद्धाको अन्तिम श्वास पनि सन्तोषले जान सक्छ ।

## यात्रा



• रविन बस्ताकोटी

धार बिर्सिएको खहरे
कति समयसम्म रमाउला कटान गरेर
कति क्षेत्रफल बगर बनाएपछि
पानीसँगको आक्रोश शान्त होला
कहिले फर्किएला माझधारतिर।

झुण्डबाट छुट्टिएको जीवले
संयोगमा भेटिने
अर्को जीवसँगको मित्रतामा
कति समय चलाउला सम्बन्ध
फेरि कहिले त्यही झुण्ड सम्झिएला
बाटो बिराएको फकिर प्राणीले ।

यौवन देखेर
लोभिएका आँखाहरू
कति समयसम्म रमाउलान् प्रेम ठानेर
कहिले भत्किएला हिम पहिरोले
अप्रेमय सत्य।

प्रेमको आँशुले, सिन्चित गरेर
भावनामाथि कठोर गोडमेल गरेर
कति समयसम्म हुर्किएला ?
नयाँ पालुवा जिन्दगीको ।

## कथा : उडी छुनु चन्द्र एक



शुभेच्छा रेग्मी

रीना सुनार एक सामान्य दलित परिवारमा जन्मिएकी थिइन् । सानैदेखि अपहेलना सहन बाध्य उनी उमेर बढ्ने क्रमसँगै आफ्नो र समुदायको लागि लड्ने अठोट बनाउन थालिन् । सोही अनुसार गाउँले र समाजको अगाडि केही गरेर देखाउँछु भन्ने ईख लिएर आफ्नो लक्ष्यमा हिँड्दै थिइन् । उनलाई जातीय विभेद अन्त्य गर्नु थियो । उनले हरेक बेला आफुलाई आफ्ना बाबु आमाको सम्मानको निम्ति भएपनि लक्ष्यमा पुग्नैपर्छ भनेर सम्झाउँथिन् । आफूलाई सदा राजकुमारी बनाएर राख्ने उनका बाबुलाई अरुले नोकरको जस्तो व्यवहार गरेको देख्दा उनमा घृणा भाव झनै बढेर आउँथ्यो । दलितको नाम दिएर उनले छोएको पानी समेत छुन घिनाउँथे मान्छेहरु । अनेक दुःख कष्ट , मन्दिर जाँदाको त्यो अपहेलना , धर्मको नाममा गरेको त्यो अत्याचार , पढ्न जाँदा तल्लो जात भनेर गरेको अपमान सम्झिएर आफ्नो लक्ष्यलाई आत्मसात गर्दै आफूलाई झन् बलियो बनाउँथिन् रीनाले । आखिर हामीमाथि किन गरिन्छ यस्तो व्यवहार ? के हामी मान्छे होइनौं ? आफैसँग प्रश्न गर्थिन् उनी । मान्छे मान्छेमा विभेद किन ? उनीहरुलाई काटे नि त्यै रातो रगत, हामीलाई काटे नि त्यै रातो रगत अनि यो देश ४ जात ३६ वर्णको साझा फुलबारी हो भनेर देखावटी नाटक मात्र किन ? यस्तै अनेक थरि कुरा मनमा खेलाउँदै कहिलेकाहिँ उनको रात छर्लंग कट्थ्यो । यो समाजको अपहेलना सहँदासहँदै समय बितेको रीनाले पत्तो नै पाइनन् । ठूली हुने क्रमसँगै आफ्नो लक्ष्य पुरा गर्न उनले दिन रात मिहिनेत गर्न थालिन् । सायदै भगवान उनकै पक्षमा थिए र त पुकार सुने । रीनाले सशस्त्र प्रहरीमा नाम निकालिन् । त्यसपछि बल्ल उनलाई हेर्ने गाउँलेको दृष्टिकोणमा फरक आयो । पहिले दुःखका आँसु झर्थे , छोरीले सम्मान पाएको देखेर अब रीनाका बाबु आमाका आँखाबाट हर्षका आँसु झर्न थाले । सधैं हेला सहँदै आएका रीनाका बाबु आमा त्यो सम्मान पाउँदा रीना आफ्नी छोरी भएकोमा गर्व गर्थे । हिजो आफ्नो गाँस काटेर छोरीलाई पढाएको फल आज मिलेको थियो । रीनालाई पहिलेदेखि नै जातीय विभेदको अन्त्य गर्नु थियो तर कुनै शक्ति र उपाय नहुँदा उनी लाचार थिइन् । तर आज रीनासँग त्यो शक्ति थियो , आफ्नो पदका कारण उनी त्यो अत्याचार केही हदसम्म रोक्न सक्थिन् । हिजोको दिनमा गाउँ समाजले जति नै अत्याचार गरे पनि आफू जन्मिएको , हुर्किएको ठाउँ भनी सधैं माया गर्थिन् । हिजोसम्म जुन मुखबाट अपशब्द निस्किन्थ्यो , आज त्यही मुखबाट वाहवाह शब्द निस्किदै थियो । रीनाले त्यो परिवर्तन देखेर खुशी हुँदै गाउँलेले गरेको सबै अत्याचार बिर्सिदै थिइन् । एक रात रीना काममा नै थिइन् , त्यही समयमा उनको साथीको घरदेखि फोन आयो । फोनमा उनका साथीका बुबाले भनेका थिए , ' छोरी मीनाको समयमा अस्पताल पुग्न नपाएर निधन भयो , तिमीलाई भेट्न खोज्दै थिई तर भेट्न पाइन ।' यो खबरले रीना बेहोस भइन् । रीनाको बाल्यकालदेखि सँगै खेल्दै आएकी साथी थिइन् मीना । दलित भनेर सबैले

अनुसन्धानका क्रममा पहिले यौन शोषण गरेपछि बोक्सीको आरोप लगाइ कुटपिट गरेर ज्यान लिइएको पत्ता लाग्यो । ठूलाबडाले पैसाको प्रलोभनले न्याय किन्न समेत नखोजेका होइनन् ।

बहिष्कार गरेको बेला पनि साथ दिने एक मात्र साथी थिइन् मीना । तिनलाई अन्तिम समयमा भेट्न नपाउँदा रीनामाथि बज्रपात पर्यो । सहकर्मीहरुले पानी छम्किए । बेहोसीबाट ब्यूँझिएपछि रीना दायाँ बायाँ केही नसोची त्यहाँबाट हतारिदै मीनाको घरमा पुगिन् । रीनाले सोधिन् , ' बाबा , मीना खै ?' बाबाले मलिन मुख लगाएर हातले ईसारा गर्दै छोरीको लासतिर ईशारा गरे । मीनालाई बोक्सी भनेर कुटपिट गरिएको र पीडा सहन नसकेर मीनाले अकालैमा ज्यान गुमाएको कुरा उनको कानमा पर्यो । रीनाले एकछिन मात्र मीनाको लासको कपडा उठाएर हेर्न सकिन् । केहीबेरको मौनतापछि रीनाले सोधिन् 'बाबा , यो सबै कसरी भयो ? ' बाबाले जब सबै कुरा बेलीबिस्तार गरे । त्यसपछि रीनाले कठोर भएर भनिन् , ' म आज कसम खान्छु कि आज जुन विभेदका कारण मेरी मीनाले ज्यान गुमाउन बाध्य हुनु पर्यो । यही कारणले म फेरि अर्की मीनाको ज्यान जान दिने छैन । जुन दिन यो समाजबाट विभेदको नाममा अत्याचार हुन बन्द हुनेछ , त्यो दिन मात्र मेरी मीनाको आत्माले शान्ति पाउने छ । '

त्यसपछि रीनाको व्यवहारमा परिवर्तन देखिन थाल्यो । रीनाको मनमा गाउँलेहरुका लागि जति माया थियो, त्यो सबै घृणामा परिवर्तन भइसकेको थियो । रीनाले त्यतिबेला बुझिन् कि उनलाई हेर्ने दृष्टिकोणमा गाउँलेको परिवर्तन उनको पदको पावरको त्रास थियो भनेर । मीनाको असामयिक मृत्युले उनलाई झन् बलियो बनाएको थियो । रीनाले फेरि पनि कुनै निर्दोषको ज्यान नजाओस् भन्ने सोचिन् र पुरा मिहिनेत गरेर घटनाको अनुसन्धान अघि बढाउन लगाइन् । मीनाको मृत्यु हुँदा गाउँका ठूलाबडा भनाउँदा मौन बसेका थिए । हत्यामा गाउँका अध्यक्ष र धनाढ्य खानदानका व्यक्ति संलग्न थिए । अनुसन्धानका क्रममा पहिले यौन शोषण गरेपछि बोक्सीको आरोप लगाइ कुटपिट गरेर ज्यान लिइएको पत्ता लाग्यो । ठूलाबडाले पैसाको प्रलोभनले न्याय किन्न समेत नखोजेका होइनन् । तर रीनाले न्याय दिलाउने कसम खाएकी थिइन् । त्यसैले , ती नरपिचाशहरुलाई आफ्नो पुरा शक्ति लगाएर कारागारमा हाल्न सफल भइन् । रीनाको त्यो साहसको धेरै दिनसम्म निकै चर्चा भयो । गाउँका ठूला नेताहरुलाई कारागारसम्म पुर्याउनु सानो कुरा थिएन । कसैले नसकेको काम रीनाले गरेर देखाएकी थिइन् । त्यो घटनापछि उनको र छिमेकी गाउँमा समेत त्यस्ता घटना कम हुन थाल्यो । नारी शक्ति भनेको सानो शक्ति रहेनछ भनेर मान्छेहरुले बुझ्न थाले । उनको यो साहसले गर्दा विभिन्न संस्थाहरुले जातीय विभेद, महिला अधिकारसम्बन्धी जनचेतना फैलाउने अभियानमा उनलाई अतिथि बक्ताको रुपमा समेत निम्त्याउन थाले ।

रीताको भित्री मनले भन्थ्यो , वास्तवमा मनदेखि केही कुरा चाह्यो र गर्यो भने भगवानले पनि साथ दिन्छन् । रीनाको पनि उदाहरण यस्तै थियो । उनी विभेद अन्त्य गर्छु भन्ने ठानेर एक्लै अगाडि बढिन् र दोषीलाई दण्ड दिलाउन सफल पनि भइन् । उनको साथमा आज हजारौं छन् । त्यसैले भनिन्छ नि संसार बदल्नु छ भने सुरुवात आफूबाट गरौं । रीताको झैं उद्धेश्य लिऊँ उडी छुनु चन्द्र एक ।

# बिर्तामोड ४ का जनप्रतिनिधिप्रति असन्तुष्ट

• **धर्मेन्द्र मामा**

बिर्तामोड । बिर्तामोड नगरपालिकाको दशवटा वडामध्ये विकासको दृष्टिकोणले वडा नं ४ सबैभन्दा पछाडि परेको छ । सानो वडा भएर पनि आवश्यक विकास हुन नसक्दा वडाबासीहरु जनप्रतिनिधिहरूप्रति खुसी छैनन् । पाँच बर्ष बितिसक्दा पनि वडाको आफ्नो भवन छैन । भाडामा लिएर चलेको वडा कार्यालयसम्म जान मुख्य राजमार्गबाट १ सय मिटरको दुरी छ तर अहिलेसम्म पनि कालोपत्रे वा पेभर्स गर्ने काम भएको छैन ।



वडा कार्यालय रहेको आदर्श नमुना टोलबासीहरुले पटकपटक विकास निर्माणका लागि पहल गरेका थिए तर, अहिलेसम्म पनि टोलको अनुरोध सुनुवाई भएको छैन । नगरपालिकाले १ नम्बर टोलको बाटो पेभर्स गर्न छुट्याएको बजेट काटेर अन्यत्र लगेको नाली निर्माण उपभोक्ता समितिका अध्यक्ष डिल्लीराम प्रसाईंले बताए।

उनले उक्त टोलको समस्याको रूपमा रहेको नाली निर्माणमा समेत धेरै दुःख पाएको गुनासो गरे। टोलबासीले भोट दिएर जितेका जनप्रतिनिधिले जनताको गुनासो सुनुवाई नगर्नु दुःखद भएको बताए। २ सय मिटर बाटो निर्माण गर्न अर्को निर्वाचन पर्खन बाध्य छन् आदर्श टोलबासी।

स्थानीय निकायको निर्वाचन घोषणासंगै अहिले वडा कार्यालय जाने बाटोमा पेभर्स बिछ्याउने काम शुरु भएको छ तर, त्यो पनि अधुरै रहने भएको छ । आदर्श नमुना टोल विकास संस्थाका सचिव नवराज खरेलले आफ्नो कार्यकालमा टोलबासीको आवश्यकता अनुसारको काम गर्न नसकेकोमा दुःख व्यक्त गरे।वडा जनप्रतिनिधि र नगरपालिकाबीच उचित समन्वय हुन नसक्दा धेरैजसो योजना कार्यान्वयन गर्न नसकेपछि अब आउने निर्वाचनमा कस्तो प्रतिनिधिलाई भोट हाल्ने भन्ने बहस सुरु भएको छ ।

# होलीमा २३१ वटा सवारी साधन कारवाहीमा

*बिर्तामोड (प्रस)* । होलीमा ट्राफिक नियम उल्लंघन गर्ने २३१ वटा सवारी साधन झापामा कारवाहीमा परेका छन् ।

कारवाही पर्नेमा २२५ वटा स्कुटी र मोटरसाईकल तथा ३ वटा अटो रहेका छन् । ३ जना चढेका , हेलमेट



नलगाएका र मादक पदार्थ सेवन गरेका सवारी साधनका चालकलाई कारवाही गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोडका प्रहरी निरीक्षक निशेष चापागाईले बताए । ती सवारी साधनबाट एक लाख पन्ध्र हजार पाँच सय रुपैयाँ जरिवाना असुल भएको उनले जानकारी दिए ।

# विपीको शालिकको मर्मत गरिने

*भद्रपुर (प्रस)* । विपी स्मृति प्रतिष्ठान भद्रपुर १० चन्द्रगढीले सदरमुकामको धनुषमोडमा रहेको जननायक विपी कोईरालाको शालिकको मर्मतसम्भारसहितको रंगरोकन गर्ने भएको छ ।



नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डेको प्रमुख आतिथ्यतामा छाता चोकस्थित महिला जागरणको सभाहलमा शनिवार सम्पन्न प्रतिष्ठानको प्रथम बार्षिक साधारणसभाले कोईरालाको जीर्ण शालिक मर्मतसंभार गरी निकट भविष्यमा प्रतिष्ठानको भवन निर्माणका लागि जग्गादाताको खोजी गर्ने निर्णय गरेको हो ।

प्रतिष्ठानका कार्यवाहक अध्यक्ष पुष्कल भट्टराईको अध्यक्षता तथा सचिव लावण्यकुमार पोखरेलको संचालनमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि पाण्डे, महाधिवेशन प्रतिनिधि गोमा भट्टराई, , जिल्ला सदस्य रमेश पोखरेललगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा नेपाली कांग्रेस भद्रपुर ९ नं वडा सभापति चेतनाथ भट्टराईलगायत जिल्ला तथा नगरस्तरीय कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

# लागूऔषधसहित दुईजना भारतीय पक्राउ





*झापा (प्रस)* । प्रतिबन्धित लागूऔषधसहित दुईजना भारतीय नागरिक पक्राउ परेका छन् । बिहीबार भद्रपुर ३ स्थित नेपाल-भारत सीमाक्षेत्रमा भारतबाट नेपालतर्फ आउँदै गरेका भारत किसनगंज भादगाउँ पंचायत-१२ निमुगढी बस्ने २७ वर्षिय फोगडा किस्कु र सोही ठाउँ बस्ने २९ वर्षिया रीता मर्डीलाई सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट महेशपुरबाट खटिएको सशस्त्र प्रहरी टोलीले चेकजाँच गर्दा उनीहरुको साथबाट लुपिजेसिक १९२ एम्पुल,फेनारगन १३२ एम्पुल लागूऔषध फेला परेको थियो । उनीहरुलाई जिल्ला प्रहरी कार्यालय झापामा ल्याई अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# इलाममा पोखरीमा डुबेर बालकको मृत्यु

*झापा (प्रस)* । इलामको माई नगरपालिका-१ स्थित तेह्रकुने सिमसार पोखरीमा डुबेर बालकको मृत्यु भएको छ ।मृत्यु हुनेमा स्थानीय तेजबहादुर राईका ११ बर्षीय छोरा बर्धन राई रहेका छन् । बिहीवार दिउँसो साढे ११ बजे साथीहरुसंग पौडी खेल्ने क्रममा सिमसार पोखरीमा डुबेर बर्धन बेपत्ता भएका थिए ।

बेपत्ता भएका उनलाई पोखरीमा खोजतलास गर्ने क्रममा प्रहरी चौकी दानावारीबाट खटिएको प्रहरी टोलीले पानीमा डुबी मृत अवस्थामा फेला पारेको हो । घटना सम्वन्धमा जिल्ला प्रहरी कार्यालय इलामबाट थप अनुसन्धान भईरहेको जनाइएको छ ।

# स्कुटीको ठक्करबाट पैदलयात्रीको मृत्यु

*बिर्तामोड (प्रस)* । होलीको दिन शुक्रवार राति झापाको लक्ष्मीपुरमा स्कुटीको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा मेचीनगर-१४ का ३४ वर्षिय पवनकुमार सिंह रहेका छन् । राति करिब ८ बजेतिर लक्ष्मीपुरको घाग्रा पुलनजिकै पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मे. ५प ८८८५ नम्बरको स्कुटीले पैदलयात्री सिंहलाई ठक्कर दिएको थियो । घाईते सिंहको उपचारको यात्रामा शनिवार बिहान बिएण्डसी अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी बसन्त पाठकले बताए ।

दुर्घटनामा स्कुटी चालक अर्जुनधारा-५ का ३० वर्षिय सोमबहादुर खत्री समेत घाईते भएका छन् । उनको बिएण्डसी अस्पतालमा उपचार भईरहेको डिएसपी पाठकले जानकारी दिए ।


## शिवसताक्षी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**ब्याङ्गडाँडा, झापा प्रदेश नं. १ नेपाल**

## सेवा करारमा लिने सम्बन्धी सूचना

*प्रथम पटक प्रकशित मिति:– २०७८/१२/०४*

यस नगरपालिकाका लागि देहाय बमोजिमका पदमा सेवा करारमा कर्मचारी नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट नगरपालिकाले तोकेको ढाँचा अनुसार प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन (मिति २०७८/१२/१८) भित्र रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**१) पदको विवरण**

| विज्ञापन नं. | पद | तह | पद संख्या | न्यूनतम शैक्षिक योग्यता | निवेदन दस्तुर |
|---|---|---|---|---|---|
| ०६– ७८/७९ | ना प्रा स कृषि | चौथो | २ (दुई) | मान्यताप्राप्त शिक्षण संस्थाबाट बाली विज्ञान विषयमा न्यूनतम् १५ महिने जेटिए कोर्ष उत्तीर्ण गरेको प्रमाण पत्र । | ५००.०० |
| ०७– ७८/७९ | ना प्रा स पशु | चौथो | २ (दुई) | मान्यताप्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान विषयमा न्यूनतम् १५ महिने जेटिए कोर्ष उत्तीर्ण गरेको प्रमाण–पत्र । | ५००.०० |
| ०८– ७८/७९ | नगर प्रहरी (महिला) | जवान | १ (एक) | – मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम् कक्षा ८ उत्तीर्ण गरेको । | १००.०० |

**२. वि.न. ६ र ७–०७८/७९ का लागि दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा शर्तहरु ।**
(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
(ख) न्यूनतम शैक्षिक योग्यताको चारित्रिक प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु ।
(ग) ३ प्रति पासपोर्ट साईजको फोटो ।
(घ) काम गर्नुपर्ने स्थान–वडामा स्थापना हुने पशु तथा कृषि सेवा केन्द्र ।
– **उमेर हद :** दरखास्त बुझाउने अन्तिमसम्ममा महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको र पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
– **विशेष व्यवस्था :** महिला तथा स्थानीय आवेदकहरुलाई विशेष प्राथमिकता दिइने छ ।

**३. वि.न. ८–०७८/७९ का लागि दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा शर्तहरु ।**
– नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
– न्यूनतम शैक्षिक योग्यताको चारित्रिक प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु ।
– सम्बन्धित वडा प्रहरी कार्यालय/प्रहरी चौकी/इलाका प्रहरी कार्यालय वा सो भन्दा माथीको कुनै प्रहरी कार्यालयबाट जारी गरेको चारित्रिक प्रमाण पत्र ।
– कुनै सरकारी स्वास्थ्य संस्थाबाट हालसालै जारी भएको निरोगिताको प्रमाणपत्र ।
– ३ प्रति पासपोर्ट साइजको फोटो ।
– उमेर हद : दरखास्त बुझाउने अन्तिमसम्ममा महिलाको हकमा १८ वर्ष पूरा भई २८ वर्ष ननाघेको
– उचाई/तौल–उचाई घटीमा ५ फिट र तौल ४२ किलो ।
– आँखा– माईनस वा प्लस २ भन्दा बढी कमजोर नभएको

**४. परीक्षाको किसिम :** वि.न. ६ र ७ का लागि (क) लिखित परीक्षा (ख) मौखिक अन्तरवार्ता
वि नं. ८ का लागि (क) शारीरिक तन्दुरुस्ती परीक्षा (ख) लिखित परीक्षा (ग) मौखिक अन्तरवार्ता ।
**५. परीक्षा सञ्चालन हुने स्थान :** सम्पर्क मितिमा तोकिने छ ।
**६. सेवा–सुविधा :** शिवसताक्षी नगरपालिकाले तोके बमोजिम ।
**७. सम्पर्क मिति :** २०७८/१२/२२ गते

अन्य विस्तृत जानकारीका लागि शिवसताक्षी नगरपालिकाको फोन नं. ०२३–४७०३२३ वा website.www.shivasatakshimun.gov.np मा सम्पर्क राख्न सकिने छ ।

**प्रकाशचन्द्र चौधरी**
**नि. प्रमुख प्रशासकीय अधिकृत**



## वर्गीकृत विज्ञापन

**अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा**



PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

**सुपर काइनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

**राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्**
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
**पोखरेल अफसेट प्रेस**
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

**तपाईकोमा प्रतिदिन आएन ?**
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०





# मानव डेन्टल

MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE

काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५

**दैनिक सेवाको लागि**
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान




## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१ᐧ

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## राशिफल



**ज्योतिस पं. लक्ष्मी सुवेदी**
लक्ष्मीपुर, झापा
चिना,टिप्पन,वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
**सम्पर्क:**
९८१६९१७७८७/९८१७०८१९९०

**मेष** आज कूटनीतिक नियोगको सहयोग मिल्ला । आफन्तको सहयोग प्राप्त हुनेछ । आज

**वृष** आज वैदेशिक कार्य अघि बढ्नेछ । कला र गलाको प्रभाव बढ्नेछ ।

**मिथुन** आज कुनै समाचारले मनमा शान्ति छाउनेछ । नजिकको मित्रसँग भेटघाट

**कर्कट** आज लाभदायक यात्रा हुनेछ । बिना प्रतिस्पर्धा फाइदा हुनेछ ।

**सिंह** मनमा निराशा र शरीरमा आलस्य आउला । कार्यमा बाधा आउनसक्छ ।

**कन्या** आज आँटेको र ताकेको कार्य पुरा होला । राजनीतिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** शुभारम्भको चर्चा चल्नेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक** जोशजाँगर र हिम्मत बढ्नेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ ।

**धनु** सानातिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्य क्षेत्रमा सजगता अपनाउनु पर्नेछ ।

**मकर** रोकिएका काम पुन: सुरु हुन सक्छन् । लत्ता कपडामा खर्च बढ्न सक्छ ।

**कुम्भ** चिताएको कामले तीव्रता लिनेछ । आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ ।

**मिन** अतिथिको रूपमा सत्कार पाइन सकिनेछ । भौतिक साधन जुटाउने समय छ ।